नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष,
बबरमहल, काठमाण्डौं

**सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको पदपूर्ति सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७६ वैशाख ३०)

सामाजिक सुरक्षा कोषको स्वीकृत दरबन्दी अनुसार यस कोषमा रिक्त रहेको कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा पद पूर्ति गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ तथा सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्वन्धी विनियमावली २०७६ बमोजिम देहायको शैक्षिक योग्यता र अनुभव भएका ईच्छुक योग्य नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र (कार्यालय समय) सामाजिक सुरक्षा कोषको कार्यालय बबरमहलमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **न्यूनतम शैक्षिक योग्यता र कार्यअनुभव** :

अर्थशास्त्र, व्यवस्थापन, श्रम, वाणिज्यशास्त्र वा कानूनमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैरसरकारी संघ सस्था वा प्रचलित कानून बमोजिम संस्थापना भएको कम्पनी वा संगठित सस्थाको अधिकृत स्तरको पदमा कम्तिमा पन्ध्र वर्षको कार्य अनुभव भएको र निवेदन दिने अन्तिम मितिमा ५५ वर्ष उमेर ननाघेको व्यक्ति कोषको कार्यकारी निर्देशक पदको उम्मेदवार हुन सक्नेछ ।

२. **निवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु** :

ईच्छुक उम्मेदवारले कोषमा निवेदन दिदाँ निवेदनसाथ देहाय बमोजिमका कागजात तथा विवरणहरुमा आफैले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी पेश गर्नु पर्नेछ :

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालय) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data),

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यवसायिक अनुभवको प्रतिलिपिहरु,

(ग) उम्मेदवारले निवेदन साथ सामाजिक सुरक्षा कोषको व्यवसायिक कार्ययोजना (Business Plan) दश पृष्ठमा नबढ्ने गरी फण्ट साईज- अंग्रेजी-Times New Roman-एघार र नेपाली, प्रिती-चौध/युनिककोड-बाह्र मा तयार गरी सो को छ प्रति सिलवन्दी गरी पेश गर्नु पर्नेछ । कार्ययोजना नेपाली र अंग्रेजी दुवै भाषामा हुनु पर्नेछ ।

**३. <u>दरखास्तसाथ निम्नलिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ :</u>**

(क) कोषसंग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,

(ख) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको, कर चुक्ता गरेको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण,बैंकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(घ) दामासाहीमा नपरेको, कीर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,

(ङ) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी वा प्रचलित कानुन बमोजिम कालोसूचीमा नपरेको,

(च) प्रचलित नेपाल कानूनद्वारा अयोग्य नरहेको।

**४. <u>व्यवसायिक कार्ययोजना पेश गर्नुपर्ने</u> :**

उम्मेदवारले निवेदनसाथ देहायका कुराहरु समावेश गरिएको व्यवसायिक कार्ययोजना तयार गरी पेश गर्नु पर्नेछ ।

(क) सामाजिक सुरक्षा कोषको सामान्य परिचय (General Introduction of Social Security Fund)

(ख) कोषको संरचना र कानुनी स्थिति (Structural and Legal Status)

(ग ) कोषको वर्तमान स्थिति (Current Status of the Fund.)

(घ) कोषको सबल र दुर्बल पक्ष एवं अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis)

(ङ) अन्य देशका यस्तै प्रकृतिका कोषहरुको सफल अभ्यासको संक्षिप्त विश्लेषण (Brief Analysis of Success Stories of International Practices)

(च) कोषको दीर्घकालीन योजना(Longterm Plan)

उत्पादकत्व अभिबृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि, मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, संस्थागत सुदृढीकरण र क्षमता विस्तार, सूचना प्रविधिको उपयोग, कार्यक्षेत्र बिस्तार, योगदानकर्तामैत्री सेवा प्रवाह, लगानी व्यवस्थापन, वित्तीय जोखिम व्यवस्थापन जस्ता विषयहरु समावेश भएको ।

(छ) समयसीमा सहितको रणनीतिक कार्ययोजना (Time - Bond Strategic Action Plan)

(ज) व्यवसायिक कार्ययोजनाको कार्यान्वयन योजना (Implementation Modality of the Business Plan)

**५. <u>छनौट प्रकृया</u> :**

(क) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव तथा व्यवसायिक कार्ययोजनाको आधारमा वर्णानुक्रम अनुसार उत्कृष्ट ६ (छ) जना उम्मेदवारलाई मिति, समय र स्थान तोकी प्रस्तुतीको लागि सूचना प्रकाशित गरिनेछ ।

(ख) सूचीमा परेका उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तवार्तामा सहभागी हुन आउदा आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं निवेदन साथ पेश गरेका कागजातहरुको सक्कलै प्रति लिई आउनु पर्नेछ ।

(ग) उम्मेदवारको शैक्षिक योग्यता, अनुभव, व्यवसायिक कार्ययोजना तथा प्रस्तुतीकरणका आधारमा उच्चतम अंक प्राप्त गर्ने तीनजना व्यक्ति छनौट गरी छनौट उपसमितिले नियुक्तिको लागि समिति समक्ष वर्णानुक्रमका आधारमा सिफारिश गर्नेछ ।

(घ ) सिफारिश भएका मध्येबाट उपयुक्त एक व्यक्तिलाई सामाजिक सुरक्षा कोष संचालक समितिले सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्न सक्नेछ ।

**६. <u>परिश्रमिक सम्बन्धी विवरण</u> :**

कार्यकारी निर्देशकलाई सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्वन्धी विनियमावली, २०७६ तथा कार्यसम्पादन सम्झौतामा उल्लेख भए बमोजिमका शर्तहरुका आधारमा मासिक पाश्रिमिक र अन्य सुविधाहरु प्रदान गरिने छ ।

**७. <u>अन्य विवरण</u> :**

(क) अन्य आवश्यक जानकारी सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विनियमावली, २०७६ बाट लिन सकिनेछ ।

(ख) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ४३ तथा कार्यसम्पादन सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

(ग) निवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु खामबन्दी गरी खाम बाहिर “सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको आवेदन तथा व्यवसायिक कार्ययोजना” उल्लेख गर्नु पर्नेछ ।

(घ) रीत नपुगी प्राप्त भएका दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(च) यो सूचना बमोजिम आवेदन गर्न आवेदन शुल्क वापत रु. ३००० यस कोषको राष्ट्रिय वाणिज्य बैंक, टेकुमा रहेको खाता नं. १०००२०००१००००, राजश्व शिर्षक नं.१४२२९, अफिस कोड नं. ३७१०३३५०२ मा जम्मा गरी निवेदनसाथ भौचर संलग्न गर्नु पर्नेछ ।

(छ) यस कोषको टेलिफोन नं. ०१-४२५६१४४ र ०१-४२५६३१५ वा www.ssf.gov.np बाट यस सम्बन्धी थप जानकारी लिन सकिनेछ ।